# वार्षिक प्रगति पुस्तिका

## २०८०/०८१



लुम्बिनी प्रदेश सरकार

वन तथा वातावरण मन्त्रालय

वन निर्देशनालय

## डिभिजन वन कार्यालय

रुकुम (पूर्व)

# वार्षिक प्रगति पुस्तिका
## २०८०/०८१

लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

## डिभिजन वन कार्यालय
रुकुम (पूर्व)

## वार्षिक प्रगति पुस्तिका


| | |
|---|---|
| आर्थिक वर्ष | : २०८०/०८१ |
| पुस्तिका तयार गर्ने | : वरिष्ठ वन अधिकृत श्री पर्शुराम चौधरी |
| अन्य सहयोगीहरु | : अधिकृत छैठौं काशीराम खत्री |
| | : रेन्जर श्री विश्व के.सी |
| | : लेखापाल श्री जिवन कुमार कार्की |
| | : रेन्जर श्री हेमन्त खनाल |
| सर्वाधिकार | : डिभिजन वन कार्यालय, रुकुम (पूर्व) |
| आवरण तस्विर | : रुकुमकोटबाट देखिएको कमलदहको दृश्य |
| तस्विर सौजन्य | : उत्पल देवकोटा |
| प्रकाशन मिति | : असार २०८१/०४/३१ |
| मुद्रण | : प्रकाश अफसेट प्रेस, बुटवल |

विषय सूचि

**खण्ड १ : जिल्लाको संक्षिप्त परिचय** ........ १
१.१. ऐतिहासिक पृष्ठभुमी ........ १
१.२. राजनितिक विभाजन ........ २
१.३. जिल्लाको भौगोलिक अवस्थिति ........ ३
१.४. भू-उपयोगिता ........ ३
१.५. वनको किसिम र अवस्था ........ ३
१.६. वन्यजन्तु तथा वनस्पती प्रजातिहरु ........ ८
१.७. जियोलोजी ........ ८
१.८. जलवायू ........ ९
१.९.जल सम्पदा ........ ९
१.१०. धार्मिक तथा पर्यटकिय महत्वका सम्पदाहरु ........ १०
१.११. जनसंख्या विवरण ........ १०
१.१२ मुख्य पेशा ........ ११
१.१३. कृषि तथा पशुपालन ........ ११
१.१४. शैक्षिक विवरण ........ ११
१.१५. स्वास्थ्य सेवा ........ ११
१.१६. प्रमुख बजार केन्द्र ........ १२
१.१७. सडक तथा यातायात ........ १२
१.१८. हवाई यातायात ........ १२
१.१९. हुलाक तथा सञ्चार ........ १३
१.२०. विद्युत सेवा तथा उर्जा ........ १३
१.२१. बैंक तथा वित्तिय सेवा ........ १३
**खण्ड-२: डिभिजन वन कार्यालयको परिचय** ........ १५
२.१ पृष्ठभूमी ........ १५
२.२ डिभिजन वन कार्यालयको उदेश्य ........ १५
२.३ कार्यालयको स्वीकृत सांगठनिक संरचना तथा कर्मचारी दरवन्दी ........ १६
२.४ डिभिजन वन कार्यालय, रुकुम (पूर्व) मा हाल सम्म कार्यरत कार्यालय प्रमुखहरुको नामावली ........ १६
२.५ डिभिजन वन कार्यालय रुकुम (पूर्व) अन्तर्गत रहेका सव डिभिजन वन कार्यालय ........ १६
२.६ वन कार्यालयको भौतिक पूर्वाधार ........ १७
२.७ डिभिजन वन कार्यालयबाट प्रदान गरिने मुख्य मुख्य सेवाहरु ........ १८
२.८ वन अतिक्रमणको अवस्था र अतिक्रमण नियन्त्रण सम्वन्धी भावी योजना ........ १९
**खण्ड ३ : डिभिजन वन कार्यालय, रुकुम (पूर्व) बाट चालु आ.व. मा सञ्चालन भएका कार्यक्रमको विवरण** ... २०
३.१ आ.व. २०८०/०८१ मा संचालन भएका कार्यक्रमहरु ........ २०
३.२ आ.व. २०८०/०८१ मा संचालन भएका मुख्य क्रियाकलापहरु ........ २१
३.३ मुख्य मुख्य उपलब्धीहरु ........ २३

३.४ समस्या तथा चुनौतीहरु ........................................................ २३
**अनुसूचीहरू** ........................................................ २४
अनुसूची १ : संघिय सरकारबाट हस्तान्तरित सशर्त कार्यक्रम तर्फको प्रगति विवरण ................ २४
अनुसूची २ : वन, वातावरण तथा भू संरक्षण मन्त्रालय, (प्रदेश सरकार) कार्यक्रम तर्फको प्रगति विवरण ........................................................ २५
अनुसूची ३ : बिरुवा खरीद तथा वितरण ........................................................ ३०
अनुसूची ४ : डि.व.का. बाट उत्पादन भएको विरुवाको विवरणः ........................................ ३१
अनुसुची ५: आ.व. ०८०/०८१ मा डिभिजन वन कार्यालय रुकुम पूर्व को राष्ट्रिय वनबाट संकलन तथा छोडपूर्जी भएका जडीबुटी तथा गैह्रकाष्ठ वन पैदावारहरु........................................ ३२
अनुसुची ६ : आ.व. ०८०/०८१ मा कार्यालयको तर्फबाट गरिएको वृक्षारोपण........................ ३२
अनुसूची ७ : रुकुम (पूर्व) जिल्लामा पाइने गैह्रकाष्ठ तथा लघु वन पैदावारहरु ........................ ३२
अनुसूची ८ :रुकुम (पूर्व) जिल्लामा भएका सा.व.उ.स. हरु............................................ ३५
अनुसूची ९ :रुकुम (पूर्व) जिल्लामा भएका क.व.स. हरु ................................................ ३९
**सन्दर्भ सामग्रीहरू** ........................................................ ४०

## दुई शब्द

नेपालको संविधान बमोजिम राज्य पुर्नसंरचनाको क्रममा साविकको रुकुम जिल्ला लाई ३ वटा गाउँपालिका सहित लुम्बिनी प्रदेश को रुकुम (पूर्व) जिल्ला र ३ वटा नगरपालिका र ३ वटा गाउँपालिका सहित कर्णाली प्रदेशको रुकुम (पश्चिम) मा विभाजित गरिएको छ । भौगोलिक अवस्थिति, फैलावट तथा हावापानीको विविधताका कारण उपोष्ण हावापानीमा पाईने प्रजाती देखि उच्च हिमाली बुकी पाटनको यार्सागुम्बा जस्तो बहुमूल्य जडिबुटी सम्म पाइने भएको कारण जैविक विविधताको हिसाबले रुकुम (पूर्व) जिल्ला धनी रहेको छ । यस जिल्लामा तल्लो क्षेत्रको उष्ण वनमा पाइने उपोष्ण खोटेसल्लाको वन हुँदै मध्य भागको समसितोष्ण वनमा पाइने रयाँफ, बाँझ, गुराँस, ओखर, खस्रु, पाँगर र उच्च भेगमा पाइने गोब्रेसल्ला, ठिङ्ग्रे सल्ला, लौठसल्ला, भोजपत्र जस्ता वनस्पतिहरुको विविधता रहेको छ ।

डिभिजन वन कार्यालय, रुकुम पूर्व २०७५ सालको कार्तिक महिनामा विधिवत रुपमा स्थापना भई सांगठनिक हिसाबले चार सव-डिभिजन वन कार्यालयहरु मार्फत यस जिल्लाको वनको संरक्षण र व्यवस्थापन भईरहेको छ । आ.व. २०८०/०८१ सम्म जम्मा १५३ वटा सामुदायिक वन उपभोक्ता समुह मार्फत १५४६०.१५ हेक्टर वन क्षेत्र संरक्षण, व्यवस्थापन र उपयोग गर्दै आएको छ भने गरिव तथा विपन्नमूखी वर्गको जीवनस्तरमा उत्थान गर्नका लागि जम्मा ५०.४९ हे. वनक्षेत्रमा जम्मा १५ वटा कबुलियती वनको रुपमा हस्तान्तरण भई जीविकोपार्जन सुधार कार्यक्रम सहित संरक्षण र व्यवस्थापन भईरहेको छ ।

यस जिल्लाको वन पैदावारको संरक्षण, व्यवस्थापन र सदुपयोगका साथै विपन्नमूखी वर्गका लागि सिपमूलक तथा आयमूलक कार्यक्रम सञ्चालन गर्न प्रदेश सरकारले वन, वन्यजन्तु जैविक विविधता संरक्षण तथा व्यवस्थापन, जडिबुटी तथा गैरकाष्ठ वन पैदावार विकास कार्यक्रम, वन उद्यम तथा पर्यापर्यटन कार्यक्रम र कृषि वन तथा बृहत्तर हरियाली प्रवर्द्धन कार्यकम तथा संघ सशर्त अनुदान तर्फ राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम, जडिबुटी विकास कार्यक्रम र जलाधार संरक्षण तथा व्यवस्थापन कार्यक्रम कार्यान्वयनमा ल्याएको छ ।

यस डिभिजन वन कार्यालयको आ.व. २०८०/२०८१ को स्वीकृत वार्षिक कार्यक्रम अन्तरगत संघिय सरकारबाट हस्तान्तरित सशर्त कार्यक्रम तथा वन तथा वातावरण मन्त्रालय तर्फ यस कार्यालयबाट सम्पन्न भएका सम्पूर्ण कार्यक्रमहरुको वार्षिक प्रगती पुस्तीका प्रकाशन गर्ने क्रियाकलाप रहेकोमा माथि उल्लेखित कार्यक्रम अर्न्तगत सम्पन्न भएका कार्यक्रमहरु लगायत सबै शाखाहरुबाट सम्पन्न भएका कार्यहरुको प्रगति विवरण यस पुस्तकमा समेती प्रकाशन गरिएको छ । यस कार्यालयको सम्पूर्ण कार्यक्रमहरु सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्ने डिभिजन वन कार्यालय तथा सव-डिभिजन वन कार्यालयका सम्पूर्ण कर्मचारीहरु तथा यस पुस्तक तयारीका क्रममा जिम्मेवारी वहन गर्ने व.व.अ. श्री पर्शुराम चौधरीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

यस वार्षिक प्रगति पुस्तिका वनकर्मी, सामुदायिक वन समुह, निजी वन, कवुलियती वन समुह, कृषि वन समूह, जिल्ला स्थित सरकारी निकायहरु, शैक्षिक संस्थाहरु, खोज अनुसन्धानकर्ता, योजना निर्माणकर्ता, यस विषयसँग सरोकार राख्ने सम्पूर्ण सरोकारवालाहरु, निति निर्माण तहमा संलग्न रहने निकायहरु लगायत सम्पुर्ण सरोकारवालाहरुलाई उपयोगी हुने अपेक्षा गरेको छु । अन्त्यमा, यस पुस्तिकामा भएका कमी कमजोरीहरुलाई औंल्याई दिनु भई अमुल्य सल्लाह एवं सुझावबाट भविष्यमा अझ प्रभावकारी प्रकाशनमा सहयोग पुग्ने आशा व्यक्त गर्दछु ।

जितेन्द्र सिंह खड्का
**नि.डिभिजनल वन अधिकृत**

# खण्ड १ : जिल्लाको संक्षिप्त परिचय

## १.१. ऐतिहासिक पृष्ठभुमी

लुम्बिनी प्रदेशको सबैभन्दा उत्तरमा अवस्थित प्रदेशकै एकमात्र हिमाली जिल्लाको रुपमा रहेको यस रुकुम (पूर्व) जिल्ला ऐतिहासिक रुपबाट बहादुर शाहको नायवी र रण वहादुर शाहको शासनकालमा तत्कालिन बाईसे राज्यहरु मध्येको रुकुमकोट नेपाल राज्यमा गाभिएको पाईन्छ । रुकुमकोटमा रहेको कमल तालको किनारमा रुक्मीणी नाम गरेको देवीको मन्दिर छ । उनकै नामबाट रुकुमकोट नामाकरण भएको र त्यस शब्दको अपभ्रंश भई रुकुम नाम रहन गएको हो भन्ने जनश्रुती पाईन्छ । वि.सं. २०१८ सालमा देशलाई १४ अञ्चल ७५ जिल्लामा विभाजित गरिसकेपछि रुकुम जिल्लाको रुपमा यस जिल्लाले मान्यता पाएको हो । त्यसवेला तत्कालिन रुकुम जिल्लाको सदरमुकाम रुकुमकोटमा थियो । वि.सं. २०३० सालमा साविक रुकुम जिल्लाको सदरमुकाम जुम्ली खलंगामा सारिए पछि हाल यसलाई मुसिकोट खलंगा भनिन्छ जुन अहिले रुकुम (पश्चिम) जिल्लाको सदरमुकाम हो भने रुकुम (पूर्व) जिल्लाको सदरमुकाम हाललाई रुकुमकोटमा रहेको छ । विभिन्न ठाउँमा रहेका साना ठूला पोखरी आकारको स-साना खाल्टाखुल्टी र थुम्का तथा टाकुराहरु प्रशस्त भएको साविक रुकुम जिल्लालाई ५२ पोखरी ५३ टाकुरीको जिल्ला पनि भनिन्छ । ती पोखरी, तातोपानी भएका स्थानहरु तथा टाकुरीहरु मध्ये अधिकाँस पोखरी, खोला किनारमा रहेका तातोपानीका क्षेत्रहरु र टाकुराहरु हालको रुकुम (पूर्व) जिल्लामा पर्दछन् ।

नेपाल एकिकरणको बेलामा देशको अधिकांश वन तत्कालिन राज्य सत्तासंग सम्बन्ध रहेका व्यक्तिहरुको नाममा निजी रुपमा रहेको विभिन्न तथ्यांक तथा भनाईहरुबाट देखिन्छ । त्यसको फलस्वरुप विभिन्न ठाउँहरुको वन जंगलमा व्यक्ति विशेषको दावी भए पश्चात वन विनाश हुन शुरु भई दिन प्रतिदिन वन जंगलमा ह्रास आई दैनिक आवश्यकताको पूर्तिमा कमी आउन थालेको बेला तत्कालिन सरकारले वि.सं. २०१३ सालमा वन जंगल राष्ट्रियकरण ऐन लागू गरी तालुकदार मुखीया र जिम्मावालको निजी भोगचलनमा रहेको सम्पूर्ण वन जंगल राष्ट्रियकरण गरिएको थियो । यसरी वन जंगललाई राष्ट्रियकरण गर्दा तालुकदार, मुखिया र जिम्मावालहरुले वन जंगल आफूखुशी गर्नबाट बञ्चित भए तर जनतामा वन जंगल भनेको सरकारको सम्पत्ति हो यसमा हाम्रो कुनै हक अधिकार छैन भन्ने भावनाबाट वन जंगलको झन तीव्र रुपमा विनाश हुन थाल्यो । वन विनाशको त्यो क्रमलाई रोक्नको साथै वन जंगलको संरक्षण, सम्बर्द्धन र सदुपयोग गर्नको लागि तत्कालिन सरकारद्धारा वन ऐन २०१८ लागु गरियो ।

वि.स. २०४० साल अघि यस जिल्लामा जिल्ला वन कार्यालयको स्थापना नभएकोले सल्यान वन डिभिजन अन्तर्गत मुसिकोट इलाका वन कार्यालयबाट यहाँको वन जंगल संरक्षण गर्न थालियो । पछि वि.सं. २०४०

सालमा नयाँ संरचना वमोजिम यस जिल्लामा रुकुम जिल्ला वन कार्यालयको स्थापना भयो र सोही वमोजिम वन जंगलको संरक्षण, सम्बर्द्धन र विकास कार्यहरु भई राखेको थियो । नेपालको संविधान २०७२ अनुसार राज्यको पुर्नसंरचनाको क्रममा प्रदेश सरकार अन्तर्गत डिभिजन वन कार्यालय रुकुम (पूर्व) को रुपमा स्थापना भई २०७५ कार्तिक देखि विधिवत रुपमा रुकुमकोटमा कार्यालय उद्घाटन भई वन जंगलको संरक्षण, सम्बर्द्धन र विकास कार्यहरु सञ्चालन भई राखेको छ । हालको संघिय संरचना अनुसार रुकुम (पूर्व) जिल्ला अर्न्तगत सिस्ने गाउँपालिका, भूमे गाउँपालिका र पुथाउत्तरगंगा गाउँपालिका गरी जम्मा ३ वटा गाउँपालिका रहेका छन् भने सिस्ने गाउँपालिका कार्यक्षेत्र रहेको सिस्ने, भूमे गाउँपालिका कार्यक्षेत्र रहेको भूमे, पुथाउत्तरगंगा गा.पा को वडा नं ७-१४ कार्यक्षेत्र रहेको कोल र पुथाउत्तरगंगा गा.पा.को वडा नं. १-६ कार्यक्षेत्र रहेको हुकाम मैकोट सव-डिभिजन कार्यालयगरी जम्मा ४ सव डिभिजन वन कार्यालयबाट फिल्ड स्तरमा सेवा प्रवाह भई रहेको छ ।

**रुकुम पूर्व जिल्लामा रहेको सव डिभिजन वन कार्यालको सिमाना देखाईएको नक्सा**




## १.२. राजनितिक विभाजन

यस रुकुम (पूर्व) जिल्लामा जम्मा ३ वटा स्थानीय तहहरु रहेका छन । जिल्लामा रहेका स्थानीय तहहरुको विवरण निम्न बमोजिम रहेको छ ।

**स्थानीय तहहरुको विवरण**

| जिल्ला | स्थानीय तह | क्षेत्रफल (वर्ग कि.मी.) |
|---|---|---|
| रुकुम पूर्व | सिस्ने गाँउपालिका | ३२७.१ |
| | भुमे गाँउपालिका | २७३.७ |
| | पुथा उत्तरगंगा गाँउपालिका | ५६०.३ |
| | **जम्मा** | **११६१.१** |

श्रोत : संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

## १.३. जिल्लाको भौगोलिक अवस्थिति

लुम्बिनी प्रदेश अन्तर्गत उत्तरी भागमा पर्ने रुकुम (पूर्व) जिल्ला नेपालको मानचित्रमा २८°२८' अक्षांश देखि २८°५१' उत्तर सम्म र ८२°३०' देशान्तर देखि ८३°८' पूर्व सम्म फैलिएको छ । समुद्री सतहबाट ९५० मी. देखि ७२४६ मी. सम्मको उचाई र कुल क्षेत्रफल सम्म फैलिएको र ११८१.७० वर्ग किलो मिटर (ढोरपाटन शिकार आरक्षको क्षेत्रफल समेत) क्षेत्रफल ओगटेको यो जिल्ला प्राकृतिक हिसावले खोंच, पहाड, लेक र हिमाल गरी चार भौगोलिक स्वरुपमा विभाजित छ । यो जिल्लाको सीमाना पूर्वमा म्याग्दी र वागलुङ जिल्ला, पश्चिममा रुकुम पश्चिम, उत्तरमा डोल्पा र दक्षिणमा रोल्पासंग जोडिएको छ । यस जिल्लालाई नेपाल सरकारले हिमाली जिल्लाको रुपमा वर्गिकरण गरेको छ । ढोरपाटन शिकार आरक्षले ओगटेको क्षेत्रबाहेक यस जिल्लाले नेपालको कुल भू-भागको ०.७८ प्रतिशत भू-भाग ओगटेको छ ।

## १.४. भू-उपयोगिता

यस रुकुम (पूर्व) जिल्लाको भू-उपयोग अन्तर्गत वन क्षेत्र, कृषि भूमि, झाडी क्षेत्र, वगर क्षेत्र तथा अन्य क्षेत्रहरु प्रमुख रुपमा रहेका छन् । नेपाल सरकार भुमी सुधार मन्त्रालय अन्तरगत नापी विभागले तयार गरेको टोपोग्राफिक नक्सांकनको तथ्यांक अनुसार रुकुम (पूर्व) जिल्लाको भू–उपयोगको विस्तृत विवरण तल दिइएको छ ।

**भु-उपयोगको अवस्था :-**

| | |
|---|---|
| खेतियोग्य क्षेत्रफल | : २०,२६५ हे. |
| पानीले ओगटेको क्षेत्रफल | : ३४३ हे. |
| चरन क्षेत्र | : ३४०५६ हे. |
| वनजङ्गल क्षेत्रफल | : ५६,३८३ हे. |
| हिउँले ओगटेको क्षेत्रफल | : २४७६ हे. |
| **कुल क्षेत्रफल** | **: १,१३,५२३ हे.** |

## १.५. वनको किसिम र अवस्था

भौगोलिक तथा हावापानीको विषमताले गर्दा यहाँ विभिन्न किसिमका वन वनस्पति र वन्यजन्तुहरु पाईन्छन् । रुकुम (पूर्व) जिल्लाको वनका किसिमहरु निम्न बमोजिम रहेका छन् ।

## रुकुम (पूर्व) जिल्लाको वनका किसिमहरु

### क. भौगोलिक अवस्थाको आधारमा

रुकुम (पूर्व) जिल्लाको वन क्षेत्रलाई उक्त क्षेत्रको हावापानी तथा भौगोलिक प्रकृतिका आधारमा विभिन्न प्रकारमा विभाजन गर्न सकिन्छ । विशेष गरी समुन्द्र सतहदेखिको उचाई, भिरालोपन, मोहडा, माटो तथा वर्षाको लगायतको सुक्ष्म हावापानीको कारणले गर्दा समेत वनस्पतिको प्रजातिहरुपमा विविधता आउने गर्दछ । यस जिल्लाको वनलाई डोब्रेमेज र शाक्य (१९७५) का अनुसार निम्न बमोजिमका प्रकारहरुमा विभाजन गरी अध्ययन गर्न सकिन्छ ।

**१. उपोष्ण चौडापाते वन (Sub-Tropical Broad Leaved Forest)**

यस किसिमको वन समुन्द्र सतहबाट १०००-२००० मि. सम्म खोल्सीको छेउछाउ तथा ओसिलो भागमा पनि पाउँछ । यसमा टुनी, उत्तिस, जामुन, साज लगायतका प्रजातीहरु पाइन्छन ।

**२. उपोष्ण सल्ला वन (Sub-Tropical Pine Forest)**

यस किसिमको वन समुद्र सतहबाट १०००-२२०० मि. सम्मको उत्तरी तथा दक्षिणी मोहडामा पाइन्छ । यस किसिमको वनमा खोटे सल्लाको बाहुल्यता पाईन्छ । खोटे सल्लाको वनमा कुनै पनि अन्य प्रजातिहरुको उपस्थिती नहुने भएता पनि यस प्रकारको वन वरपर मौवा, जामुन लगायतका रुख प्रजाती तथा अन्य बुट्यान प्रजातिहरुको उपस्थिती रहेको पाइन्छ ।

**३. तल्लो समसितोष्ण वन (Lower Temperate Forest)**

यस अन्तर्गत तल्लो समसितोष्ण चौडापाते वन (Lower temperate broad leaved Forest) र तल्लो समसितोष्ण मिश्रित वन (Lower temperate mixed broad-leaved Forest) पर्दछन् । तल्लो समसितोष्ण चौडापाते वन समुन्द्र सतहबाट १७०० मि. देखी २७०० मि. सम्मको उचाईमा उत्तरी मोहडामा पाईन्छ । यी वनहरुमा मुख्य गरी काफल, बाँझका प्रजातीहरु, अँयर आदि प्रजातीहरु पाउँछन् । तल्लो समसितोष्ण मिश्रात चौडापाते वन समुद्र सतहबाट १७००-२२०० मि. सम्मको उचाईमा पाईन्छ । यी वनहरुमा मुख्य गरी उत्तिस, तेजपात आदि प्रजातीहरु पाउँछन् ।

**४. माथिल्लो समसितोष्ण वन (Upper Temperate Forest)**

यस अन्तर्गत माथिल्लो समसितोष्ण चौडापाते वन (Uppertemperate broad leaved Forest) र माथिल्लो समसितोष्ण मिश्रित वन (Upper temperate mixed broad-leaved Forest) पर्दछन् ।

माथिल्लो समसितोष्ण चौडापाते वन समुद्र सतहबाट २२००-३००० मि. सम्मको उचाईमा उत्तरी मोहडामा पाईन्छ। यी वनहरुमा मुख्य गरी खसु आदि प्रजातीहरु पाइन्छ। माथिल्लो समसितोष्ण मिश्रित चौडापाते वन समुद्र सतहबाट २५००-३५०० मि. सम्मको उचाईमा पाईन्छ। यी वनहरुमा मुख्य गरी गुँरास, ओखर, पाँगर आदि प्रजातीहरु पाइन्छ।

**५. समसितोष्ण कोणधारी वन (Temperate Conifer Forest)**

यस वनमा विभिन्न कोणधारी प्रजातीहरु जस्तैः धुपी सल्ला *(Juniperus Spps.)*, गोब्रे सल्ला *(Pinus wallichiana)*, देवदार *(Cedrus Deodora)*, ठिङ्ग्रे सल्ला *(Tsuga dumosa)*, चिङ्गुरे सल्ला *(Abies pindrow)*, पाइन्छन्। यस किसिमको वन समुद्र सतहबाट २५००-३५०० मि. सम्मको उत्तरी पश्चिम मोहडामा पाईन्छ।

**६. सव - अल्पाइन वन (Sub - Alpine Forest)**

यस किसिमको वन समुद्र सतहबाट ३०००-४१०० मि. सम्मको उचाईमा पाईन्छ। रुकुम (पूर्व) जिल्लाको माथिल्लो भागमा अवस्थित यस प्रकारको वनमा तालिस पत्र *(Abies spectabilis)*, भोजपत्र *(Betula utilis)*, लालीगुराँस *(Rhododendron spps.)* प्रजातीहरु पाईन्छन्।

**७. अल्पाइन वन (Alpine Scrub)**

यस किसिमको वन समुद्रबाट ४१०० मि. भन्दा माथिको उचाईमा रहेको तथा भुईचुक, डालेचुक जस्ता झार प्रजातीहरुको उपस्थिती रहेको छ।

माथि उल्लेखित प्रकारका वनको क्षेत्रफल तथा पाइने मुख्य प्रजातिहरु निम्न बमोजिमको तालिकामा देखाईएको छ।

| क्र.सं | वनको प्रकार | क्षेत्रफल (हे.) | समुद्र सतह देखि उचाई (मि.) | मुख्य प्रजाती | कै. |
|---|---|---|---|---|---|
| १ | उष्ण वन | ६२४ | १००० मि. भन्दा कम | साल, सिसौ | |
| २ | उपोष्ण चौडापाते वन | १०९३४ | १००० – २००० | उत्तिस, टुनी (दल्ला) | |
| ३ | उपोष्ण खोटेसल्लाको वन | ५५७३ | १०००–२२०० | खोटेसल्ला | |
| ४ | तल्लो समसीतोष्ण चौडापाते वन | ६२७२ | १७००–२२०० | बाँझ, अँगेर, काफल, तेजपात | |
| ५ | माथिल्लो समसीताष्ण चौडापाते वन | ६१८५ | २२००–३००० | गुँरास, पागर, ओखर, खसु | |
| ६ | समसीतोष्ण कोणधारी वन | १००१६ | २०००–३००० | धुपी, गोब्रेसल्ला, देवदार, ठिङग्रे सल्ला, चिङ्गुरे सल्ला | |
| ७ | सवअल्पाइन वन | १५१५२ | ३०००–४१०० | तालिसपत्र, भोजपत्र | |
| ८ | अल्पाइन | १००९ | ४१०० – ५००० | भुईचुक, डालेचुक | |

| क्र.सं | वनको प्रकार | क्षेत्रफल (हे.) | समुद्र सतह देखि उचाई (मि.) | मुख्य प्रजाती | कै. |
|---|---|---|---|---|---|
| ९ | स्थायी हिँउक्षेत्र | ६५८ | >५००० | | |
| | जम्मा | ५६३८३ | | | |

*श्रोत : जिल्ला वन कार्यालय रुकुमको पञ्च वर्षिय कार्ययोजना, २०७४*

**ख) वन व्यवस्थापनको पद्धतीको आधारमा**

वन ऐन, २०७६ ले संरक्षित क्षेत्र बाहिर रहेको वनलाई स्वामित्वको आधारमा राष्ट्रिय वन र निजी वन गरी दुई प्रमुख भागमा विभाजन गरेको छ । साथै व्यवस्थापकीय र जिम्मेवारीको आधारमा राष्ट्रिय वनलाई पुनः सरकारद्धारा व्यवस्थित वन, चक्ला वन, साझेदारी वन, संरक्षित वन, सामुदायिक वन, कवुलियती वन र धार्मिक वन गरी ७ प्रकारमा रहेको छ ।

**राष्ट्रिय वन**

नापी विभागको Topographical Sheet Index-1996 को आधारमा यस जिल्लाको कुल वनको क्षेत्रफल ५६३८३ हेक्टर (रुकुम जिल्लाको स्वीकृत पञ्चवर्षिय कार्ययोजना ०७४/०७५-०७८/०७९) (ढोरपाटन शिकार आरक्ष बाहेक) रहेको छ, जस मध्ये आ.व. ०८०/०८१ को अन्त सम्ममा १५,४७९.४६ हेक्टर वन क्षेत्र (सामुदायिक वन संख्या १५३) र ५०.४९ हेक्टर हेक्टर कबुलियती वन हस्तानान्तरण भैसकेको तथा ५२११६.५३ हेक्टर वन क्षेत्र ढोरपाटन शिकार आरक्षमा पर्ने हुँदा बाँकि वन क्षेत्रलाई सरकारद्वारा व्यवस्थित वनको रुपमा डिभिजन वन कार्यालय, रुकुम (पूर्व) बाट व्यवस्थापन गरिरहेको छ ।

## १. सरकारद्वारा व्यवस्थित वन

वन ऐन २०७६ मा व्यवस्था बमोजिम सरकारद्वारा व्यवस्थित वनको व्यवस्थापनको लागि विभागले तोकिए बमोजिम तयार भएको स्वीकृत कार्ययोजना बमोजिम कार्य सञ्चालन गर्नु पर्ने हुन्छ । सोको कार्यान्वयन गर्ने, कार्य योजनाले निर्दीष्ट गरेका कार्य तथा वन विकास कार्य बाहेक सरकारद्वारा व्यवस्थित वनमा अन्य कुनै पनि कार्य गर्न नपाइने, सो वनको वन पैदावारमा नेपाल सरकारको स्वामित्व रहने, सरकारद्वारा व्यवस्थित वनको वन पैदावार उपयोग गर्न, हटाउन, वन पैदावार बिक्री वितरण गर्न, निकासी गर्न वा ओसारपसार गर्न तोकिएको अधिकारीले तोकिए बमोजिम इजाजत दिन सक्ने व्यवस्था छ ।

## २. सामुदायिक वन

यस रुकुम (पूर्व) जिल्लामा विभिन्न स्थानीय तह अनुसारको सामुदायिक वनको संख्या तलका तालिकाहरुमा देखाईएको छ ।

| स्थानिय तह अनुसार सामुदायिक वनको विवरण | | | | | | |
|---|---|---|---|---|---|---|
| जिल्ला | सि.नं | न.पा/गा.पा | सा.व संख्या | क्षेत्रफल (हे.) | घरधुरी संख्या | जनसंख्या |
| रुकुम पूर्व | १ | सिस्ने | ६५ | ४५०३.९७ | ५९६६ | ३१०१९ |
| | २ | पुथाउत्तरगंगा | ३१ | ४५५१.४४ | ३८४६ | १८२४६ |
| | ३ | भूमे | ५५ | ६४२४.०५ | ६५५० | ३३१६६ |
| | | | **१५१** | **१५४७९.४६** | **१६३६२** | **८२४३१** |

*स्रोत :डि.व.का.रुकुम पूर्व २०७९*

*नोट : सामुदायिक वनमा उपभोक्ता दोहोरिएको हुनाले लाभान्वित घरधुरी र जनसंख्या जिल्लाको घरधुरी र जनसंख्या भन्दा वढी देखिन गएको छ ।*

## ३. कवुलियती वन

रुकुम (पूर्व) जिल्लामा स्थानिय तह अनुसार हस्तान्तरण भएका कवुलियति वनको विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**स्थानीय तह अनुसार कबुलियती वन संख्या**

| जिल्ला | सि.नं | गाउँपालिका | क.व संख्या | क्षेत्रफल (हे.) | घरधुरी संख्या |
|---|---|---|---|---|---|
| रुकुम पूर्व | १ | सिस्ने | ६ | ३२.६३ | ७५ |
| | २ | पुथाउत्तरगंगा | २ | ३.६२ | २१ |
| | ३ | भूमे | ७ | १४.२४ | ८५ |
| | | **जम्मा** | **१५** | **५०.४९** | **१८१** |

*(स्रोत : डि.व.का. रुकुम पूर्व, २०७९)*

## ४. निजी वन

आफ्नो नम्बरी जग्गामा रोपिएका वा संरक्षण गरिएका बोट विरुवाहरु भएको वनलाई निजि वन भनिन्छ । जिल्लामा हालसम्म दर्ता भएका निजी वनको संख्या १० रहेको छ भने ति वनहरुले ढाकेको क्षेत्रफल ४२८०० व.मी. (४.२८ हे.) छ ।

| रुकुम (पूर्व) जिल्लाको निजी वन सम्बन्धी विवरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| सि. नं | निजि वन धनिको नाम | जिल्ला | ठेगाना | | दर्ता मिति | क्षेत्रफल (वर्ग.मि) | कै. |
| | | | न.पा/गा.पा | वडा नं | | | |
| १ | बल बहादुर थापा | रुकुम पूर्व | सिस्ने | ५ | ८/२४/२०६१ | ४६४५ | |
| २ | ज्ञान बहादुर पुन | रुकुम पूर्व | पुथा उत्तरगंगा | १२ | १२/७/२०६४ | २१३० | |
| ३ | कृष्ण बहादुर बुढा | रुकुम पूर्व | पुथा उत्तरगंगा | १२ | १२/७/२०६४ | ७९१० | |
| ४ | कृष्ण बहादुर के.सी | रुकुम पूर्व | पुथा उत्तरगंगा | १२ | २/२०/२०६५ | १७५० | |
| ५ | धन बहादुर पुनमगर | रुकुम पूर्व | पुथा उत्तरगंगा | १२ | १२/७/२०६४ | ३०९० | |
| ६ | प्रसाद पुन | रुकुम पूर्व | पुथा उत्तरगंगा | १२ | ९/१७/२०६८ | ३००५ | |
| ७ | मोहन सिं दमाई | रुकुम पूर्व | पुथा उत्तरगंगा | १२ | ९/१७/२०६८ | २२४५ | |
| ८ | भागिदल पुन | रुकुम पूर्व | पुथा उत्तरगंगा | १२ | ९/१७/२०६८ | २५०० | |
| ९ | कृष्ण बहादुर बुढा | रुकुम पूर्व | पुथा उत्तरगंगा | १२ | ९/१७/२०६८ | २१५० | |
| १० | तारा ओली | रुकुम पूर्व | भुमे | ६ | १२/२५/२०७५ | १३३७५ | |
| | | **जम्मा** | | | | ४२८०० | |

*स्रोत :डि.व.का.रुकुम पूर्व २०७९*

## १.६. वन्यजन्तु तथा वनस्पती प्रजातिहरु

यस जिल्लामा रेडपाण्डा, चितुवा, बँदेल, थार, घोरल, झारल, कस्तुरी मृग, नाउर, रतुवा, स्याल, बाँदर, विभिन्न प्रजातीका सरिसृप प्रजातीका वन्यजन्तुहरु पाईन्छन् । रुख प्रजातीका वनस्पतिहरुमा प्राकृतिक रुपमा खोटे सल्लो, गोब्रे सल्लो, उत्तिस, पांगर, काफल, टुनी, लाली गुँरास, बाँझ, फँलाट, खस्रु, भोजपत्र, आदी रहेका छन् भने अन्य जडिबुटी तथा गैरकाष्ठ वनस्पतिहरुमा रिठा, अमला, लौठ सल्ला, काउलो, दालचिनी, टिमुर, चिराईतो, चिउरी, गुजरगानो, चुत्रो, लोक्ता, अल्लो, सतुवा, पदमचाल, यार्सागुम्बा, पाँचऔंले, गुच्चीच्याउ, बोझो, बेल, सिलाजित, सर्पगन्धा, कालादाना, भोजपत्र, भुँईचुक, डालेचुक, मजिठो, सोमलता, सिस्नु, हर्रो, बर्रो, भ्याकुर, ओखर, कुट्की, सुनाखरी, वनलसुन, अमला, साधारण रातोच्याउ, सातगाठे, भुतकेस, विषमा, समायो, पाषणवेद, कुरीलो, झ्याउ, सुगन्धवाल, निगालो, बज्रदन्ती, खोटो, बिषजरा, कुटुकी, जटामसी, खिरौला, धसिंग्रे आदी रहेका छन् ।

## १.७. जियोलोजी

महाभारत पर्वतदेखि हिमाली भू-भाग सम्म फैलिएको यस जिल्लामा आग्नेय र पत्रेदार चट्टानहरु पाईन्छन् । त्यस्तै जिल्लाको उत्तरी भेगका क्षेत्रहरुमा फलाम, तामा, सिलिका र चुनढुङ्गा आदिका खानीहरु रहेको बताईन्छ । भौगोलिक बिषमताको कारण यस जिल्लामा विभिन्न प्रकारको माटो पाईन्छ । यस जिल्लाको अधिकांश भूभागमा Lithhic subgroup समूहको माटो पाईन्छ । यसले करिब ४३ प्रतिशत क्षेत्र ओगटेको छ । यो कडा चट्टानयुक्त माटो हो । जिल्लामा माटोको अधिकांश भाग गेग्रानपूर्ण, पांगो र बलौटे माटो रहेको छ

## १.८. जलवायू

भौगोलिक विविधताको कारण यहाँको जलवायुमा पनि विविधता पाईन्छ । यहाँ खास गरी उष्ण, समशितोष्ण र शीतोष्ण हावापानी पाईन्छ । समुद्र सतह देखि ९५० मी. देखि ७२४६ मि. सम्मको उचाईमा अवस्थित यो जिल्लाको औषतमा अधिकतम तापक्रम ३४ डिग्री सेन्टीग्रेड र न्युनतम तापक्रम ६ डिग्री सेन्टीग्रेड रहेको छ । तर हिमाली र लेकाली भेगको तापक्रम प्राय ० डिग्री भन्दा कम हुने गर्दछ । जाडो समयमा उच्च क्षेत्रमा हिउँ पर्दछ । यस जिल्लामा आषाढ, श्रावण र भाद्रमा वढि वर्षा हुने गर्दछ । यहाँको औषत वर्षा न्यूनतम १६०० मि.मि. देखि अधिकतम २४०० मि.मि. सम्म पाईएको छ ।

## १.९.जल सम्पदा

जिल्लाको ४३.९३ प्रतिशत भूमिमा ५० से.मी. भन्दा कम गहिराइ देखि अभेद्य चट्टानको तहसम्म र १२.९२ प्रतिशत भूमिमा ५० से.मी. भन्दा बढी गहिराइदेखि अभेद्य चट्टानको तहसम्म भूमिगत पानीको तह रहेको छ । तल्लो मध्य भागमा २० से.मी. बढी गहिराई देखि अभेद्य चट्टानको तहसम्म भूमिगत पानी पाइन्छ । यस जिल्लाको नदीप्रवाह प्रणाली सानीभेरी, लुकुम खोला, पेल्माखोला, सिस्ने खोला जस्ता प्रमुख जलाधार क्षेत्रभित्र पर्दछन् । सानीभेरी जिल्लाको करिव बीचभाग भएर पूर्वबाट पश्चिम तर्फ बगेर गएको छ । जिल्लाको अधिकांश भू-भाग साना भेरीको जलाधार क्षेत्रमा नै पर्दछ । जिल्लाको पश्चिमी र उत्तरी क्षेत्रको नदीप्रवाह भने सानीभेरीको जलाधार क्षेत्र पर्दछ भने पूर्व दक्षिण तर्फ लुकुम खोलाको जलाधार क्षेत्र पर्दछ । यसले रुकुम (पूर्व) जिल्लाका विभिन्न भागहरुमा सिंचाई सुविधा उपलब्ध गराउनुको साथै जल विद्युत विकासको लागि समेत प्रशस्त सम्भावना रहनुका साथै ती नदी किनारामा भएको टार तथा केही समथर भूमिमा मानव वस्तीहरुको विकासको लागि थप अवसरहरु उपलब्ध गराएको छ । त्यस्तै सानीभेरीको नदी किनाराका विभिन्न स्थानहरूमा तातोपानीका मूहानहरु (हट स्प्रिङस) रहेका छन् । यसले जिल्लामा पर्यापर्यटन विकासको सम्भावनालाई समेत बढाएको छ ।

**सानीभेरीका साहयक खोलाहरु**

| | | | |
|---|---|---|---|
| सिस्ने खोला | पेल्मा खोला | रन्मा खोला | खोपिचार खोला |
| मैकोट गाड | उत्तरगंगा | कोर्जाखोला | लुकम खोला |
| रुकुमगाड | महत खोला | नाथीगाड खोला | चुन्बाङ्ग खोला |

*श्रोतः जिल्ला समन्वय समिति, रुकुम २०७६*

कमलदह, छिप्री दह, सुन दह, पुपाल दह, सम्पे दह, गुप्त दह, बराह क्षेत्रजस्ता पर्यटकीय दृष्टिकोणले समेत महत्वपूंर्ण मानिएको दहहरु पनि यहाँका सिमसार पारिस्थितीकीय प्रणाली तथा जलश्रोतका आधारहरु हुन । यसको गिल्बाङ झरना (स्यालापाखा), घुन्चे झरना (मोरावाङ्ग), गुज्जा झरना ( रन्मामैकोट), पखिजास झरना, कवगाड झरना (प्वाङ्ग) जस्ता थुप्रै झरनाहरु पनि यहांको जलश्रोतको

रुपमा रहेका छन् । यी सबै नदी, ताल र झरनाहरुमा निरन्तर बगीरहने जलप्रवाहलाई हेर्दा रुकुम (पूर्व) जिल्लालाई जलश्रोतको हिसाबले धनी मान्न सकिन्छ ।

## १.१०. धार्मिक तथा पर्यटकिय महत्वका सम्पदाहरु

यो जिल्ला धार्मिक महत्वका सम्पदाहरुमा धनि मानिन्छ । यहाँका प्रमुख धार्मिक स्थलहरुमा बराह मन्दिर र शिवजी मन्दिर (रुकुमकोट), मस्टथान (मैकोट), देउराली मन्दिर (स्यालापाखा), दाह्रेमष्ट/शिद्ध देवता मन्दिर (प्वाङ) आदी पर्दछन् ।

यो जिल्ला पर्यटकिय सम्पदाहरुमा पनि त्यत्तिकै महत्वपूर्ण मानिन्छ । यहाँका सम्भाव्य पर्यटकिय स्थलहरुमा सिस्ने हिमाल, पूथा हिमाल, कमल दह, पुपाल दह, सुन दह, देउराली गुफा, तकसेरा गाँउ, लुकुम गाँउ, राङ्सी गाँउ, कोल गाँउ, हुकाम गाँउ, मैकोट गाँउ, सिमा गाँउका मगर बस्तिहरु, रुकुमकोट बस्ती, ढोरपाटन शिकार आरक्ष आदी रहेका छन् । त्यस्तै अन्य पर्यटकिय स्थलहरुमा हुकामको लेक, लालपाटन, चित्रि पाटन, प्रमाल लेक, झारमारे लेक, देउराली गुफा (रुकुमकोट) रहेका छन् । साथै यस जिल्लाका साँस्कृतिक पर्यटनमा भूमे नाच, झाँक्री नाच, पैसेरु नाच, झोरेल्नी, सिंगारु, मयुर, टप्पा, सोरठी आदि नाचहरु रहेका छन् । वल पुजाई, शंख पिपल मेला, पापीनी मेला, नाथीगाड मेला, कुनाखेत मेला, चैते दशैं मेला लगायतका विभिन्न स्थानिय मेला तथा चाडपर्व पनि यस जिल्लाको साँस्कृतिक पर्यटनका क्षेत्रहरु हुन् ।

## १.११. जनसंख्या विवरण

जिल्लाको जनसंख्या विवरण :-

| | |
|---|---|
| महिला | : २९४८७ जना |
| पुरुष | : २४८४५ जना |
| जम्मा | : ५३०१८ जना |
| परिवार संख्या | : ११२०२ |
| औसत परिवार आकार | : ६ |
| जनघनत्व | : ७४ प्रति कि.मि. |
| जनसंख्या वृद्धिदर | : २.०६ प्रतिशत |

### जातजाति अनुसार जनसंख्याको विवरण

| सि.नं. | जातजाति | पुथा उत्तर गंगा जम्मा जनसंख्या | भुमे जम्मा जनसंख्या | सिस्ने जम्मा जनसंख्या | जम्मा | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | १७९३२ | १८५८९ | १६४९७ | ५३०१८ | १०० |
| १ | क्षेत्री | १०३५ | १३८० | ८०१४ | १०४२९ | १९.६७ |
| २ | ब्राहमण पहाड | ४६ | ६ | १०१२ | १०६४ | २.०० |
| ३ | मगर | १२०७६ | १३०१२ | ४९८६ | ३००७४ | ५६.७२ |
| ४ | नेवार | ८ | ३९० | ८६ | ४८४ | ०.९१ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | कामी | ३२३० | १८०५ | ५९५ | ५६३७ | १०.६३ |
| ६ | गुरुङ | १६८ | ३०४ | २० | ४९२ | ०.९२ |
| ७ | दमाई ढोली | ४५० | ५९६ | ७२० | १७६६ | ३.३३ |
| ८ | ठकुरी | ४५० | २४८ | ८०५ | १५०३ | २.८३ |
| ९ | सार्की | ४ | ६ | ९० | १०० | ०.१८ |
| १० | घर्ती भुजेल | १६ | ७५३ | ४० | ८०९ | १.५२ |
| ११ | थकाली | ३०० | ३६ | २४ | ३६० | ०.६७ |
| १२ | छन्तेल | ४८ | १८ | १० | ७६ | ०.१४ |
| १३ | बादी | ६ | ० | ४० | ४६ | ०.०८ |
| १४ | अन्य | ९५ | ३५ | ४५ | १७० | ०.३२ |

(राष्ट्रिय जनगणना २०६८)

## १.१२ मुख्य पेशा

यस जिल्लाको मूख्य पेशा कृषि हो जस अन्तर्गत खाद्यान्न उत्पादन, पशुपालन, फलफुल खेती, तरकारी खेती रहेका छन । अन्यमा नोकरी, व्यापार, उद्योग तथा ज्यालादारी पर्दछन् ।

## १.१३. कृषि तथा पशुपालन

यस जिल्लाको कुल ११३५२३ हेक्टर जमिन मध्ये २०२६५ हेक्टर (१७.८५ प्रतिशत) खेती योग्य जमिन भएको अवस्था छ । यहाँको अधिकांश मानिसहरु कृषि पेशामा संलग्न छन् । यहाँ उत्पादन हुने कृषि उपजहरु निम्नानुसार छन् :-

**फलफुलः** कागती, सुन्तला, स्याउ, जुनार, केरा, नास्पाति, अम्बा र आलुवखडा आदी ।

**कृषिवाली**ः धान,गँहु, जौ, उवा, मकै, कोदो, भटमास, मास, फापर, मसुरो, तोरी, आलु, अदुवा, वेसार, खुर्सानी, लसुन, काउली, गोलभेडा ओखर, टिमुर लगायतका अन्नवाली तथा नगदे बाली आदी ।

**पशुपालनः** यहाँ प्रायः स्थानिय पशुहरुको पालन गरिन्छ । पशुहरुमा प्रमुख रुपमा गाई, भैसी, राँगो, बाखा, भेडा, सुंगुर, बंगुर, कुखुरा आदी पाल्ने गरिन्छ ।

## १.१४. शैक्षिक विवरण

रुकुम जिल्ला पुर्ण साक्षर भैसकेको छैन साक्षरता प्रतिशत कूल ६२.०९ रहेकोमा पुरुष ७१.२३ प्रतिशत र महिला साक्षरता दर ५४ प्रतिशत मात्र रहेको छ । यस जिल्लामा १ क्याम्पस, २३ माध्यमिक विद्यालय, ९२ आधारभूत बिद्यालय, ८८ वालविकास केन्द्र, १२ सामुदायिक सिकाई केन्द्र र ३ संस्थागत विद्यालय रहेका छन् ।

## १.१५. स्वास्थ्य सेवा

जिल्लामा सरकारी, निजि र सामुदायिक स्तरबाट स्वास्थ्य सेवा उपलब्ध हुदै आएको छ । सरकारी स्तरवाट जिल्ला स्वास्थ्य कार्यालय, जिल्ला अस्पताल, स्वास्थ्य चौकीहरु वाट सेवा प्रदान हुदै आएको छ । नीजि स्तरवाट करिव २ दर्जन जति औषधालय तथा पसलहरुले यस जिल्लामा स्वास्थ्य सम्वन्धि सेवा प्रदान

गरेका छन् । जिल्लामा रहेका १९ वटा  सरकारी स्वास्थ्य संस्थाहरु लगायत नीजि तवरवाट संचालन भएका स्वास्थ्य संघसंस्थाहरुले यस क्षेत्रमा सेवा दिएको भएता पनि स्वास्थ्यको दृष्टिकोणले रुकुमको अवस्था सन्तोषजनक मान्न सकिंदैन । जिल्लामा रहेका स्वास्थ्य सम्वन्धि संस्थाहरुको विवरण तलको तालिकामा दिईएको छ ।

**जिल्लामा विद्यमान स्वास्थ्य सेवाहरु**

| क्र.सं. | स्वास्थ्य सेवा | संख्या |
|---|---|---|
| १ | जन स्वास्थ्य कार्यालय | १ |
| २ | जिल्ला अस्पताल | १ |
| ३ | प्राथमिक स्वास्थ्य केन्द्र | १ |
| ४ | स्वास्थ्य चौकी | १६ |
| ७ | निजि औषधालय तथा पसल | २३ |

## १.१६. प्रमुख बजार केन्द्र

यहाँका प्रमुख बजारहरुमा रुकुमकोट, नाईगाड, खारावाङ, खावाङबगर, काँकी, लुकुम, भल्का, तकसेरा, हुकाम, मैकोट, पेल्मा, महत, चुन्वाङ, मयाङ आदी हुन् ।

## १.१७. सडक तथा यातायात

आर्थिक तथा सामाजिक विकासको लागि आवश्यक आधारभूत पूर्वाधार सडक यातायातको सबै भन्दा कम खर्चिलो माध्यम हो । तर रुकुम पूर्व जिल्लामा अहिले सम्म सडक यातायातको अवस्था कमजोर छ । यद्यपी दाङ घोराही देखि डोल्पा जोड्ने शहिद मार्गले उत्तर दक्षिणलाई जोड्दछ । यसै गरी मुसिकोट देखि वुर्तिवाङ वाग्लुङ हुँदैजाने मध्यपहाडी राजमार्गले पोखरा, काठमाण्डौ र बुटवलसम्मको यात्रालाई सहज पहुँचमा पुचाएको छ साथै अन्य छिमेकी जिल्लाहरु बीच मोटरबाटोको सुविधा बढ्ने छ । चुन्वाङ रुकुमकोट सिस्ने सडक, हुकाम नाईगाड सडक र अन्य जिल्ला सदरमुकामहरु जोड्ने सडक यातायातको सञ्जाल बन्दैछ जसले सरकारी नीति अनुसार पनि जिल्ला सदरमुकाम जोड्ने यी सडकको निर्माण कार्य अगाडि बढ्दैछ र यसको प्रमुख लक्ष्य भनेको गरिबी निवारण तथा दिगो विकास गर्न श्रोत र साधनको समुचित परिचालन मार्फत विकासको प्रतिफलको न्यायोचित वितरण हो ।

## १.१८. हवाई यातायात

यस जिल्लामा हवाई मैदानहरु रहेको छैन । नजिकको हवाई मैदान रुकुम पश्चिम जिल्लाको सदरमुकाम खलंगा सल्लेमा रहेको छ । उक्त हवाई मैदान बाट काठमाडौं र नेपालगञ्ज उडान हुने गरेको छ भने अर्को हवाई मैदान चौरजहारीमा रहेको छ । उक्त हवाई मैदानको हाल स्तरोन्नती गरिदैं भएकाले यहाँबाट

उडान रोकिएको छ । आपतकालिन सेवाको लागि सदरमुकाम तथा जिल्लाको अन्य स्थानमा हेलिप्याड रहेको र अपतकालिन सेवा प्रदान भईरहेको छ ।

## १.१९. हुलाक तथा सञ्चार

| | |
|---|---|
| ईलाका हुलाक | : ३ |
| अतिरीक्त हुलाक | : १० |
| ए.डी.एस.एल. सेवा | : २४ |
| नमस्ते मोवाईल सेवा | : ३३०० |
| सी.डी.एम.ए.सेवा | : १७४३ |

**दुरसञ्चार सेवा :** यहाँ जिल्लामा दुरसञ्चार कार्यालय स्थापना भई सञ्चार सेवामा टेलिफोन तथा नेपाल टेलिकम, सि.डि.एम.ए., फाईबर नेट, एन सेल र हेलो नेपालका मोबाईल सेवाहरु उपलब्ध छन् ।

**रेडियो टेलिभिजन तथा पत्रपत्रिका :** यस जिल्लाबाट पत्रपत्रिकाहरु प्रकाशन भएको पाईदैन । काठमाण्डौं तथा दाङ्गबाट प्रकाशित केहि राष्ट्रिय दैनिक, साप्ताहिक तथा दैनिक पत्रपत्रिकाहरु पनि आउने गरेको छ । हाल केवल नेटवर्क मार्फत नेपाल तथा अन्य राष्ट्रहरुबाट प्रशारण हुने च्यानल सुविधाहरु पनि उपलब्ध छन् । त्यस्तै स्थानिय स्तरमा रेडियो पूर्वि रुकुम एफ.एम., रुक्मीणी एफ.एम. मार्फत पनि विभिन्न कार्यक्रमहरु प्रशारण हुने गरेको छ ।

## १.२०. विद्युत सेवा तथा उर्जा

यस जिल्ला भित्र नै विद्युत उत्पादन भई प्रसारण भएको पाईन्छ । हाल सालै यस जिल्लामा केन्द्रिय प्रशारण विद्युत समेत सुरु भएको अवस्था रहेको छ । विद्युत उत्पादन तथा प्रशारण सम्बन्धि विवरण तल प्रस्तुत गरिएको छ :

| | |
|---|---|
| कुल विद्युत उत्पादन | : १२१० कि.वा. |
| साना तथा लघु विद्युत उत्पादन संख्या | : २७ |
| परम्परागत घट्ट संख्या | : १२७ |
| सुधारीएका घट्ट संख्या | : ९ |
| सुधारीएको चुलो संख्यां | : १३८९ |

## १.२१. बैंक तथा वित्तिय सेवा

**वित्तिय संस्थाहरुः**

ने.वै.लि.रुकुमकोट शाखा
राष्ट्रिय बाणिज्य बैंक
प्रभु बैंक
एन.आई.सी एसिया बैक
डिग्रे शाई कुमारी बचत तथा ऋण सहकारी संस्था

लक्ष्मी लघु वित्त वित्तिय संस्था
स्वदेशी वित्तिय संस्था
मिरमिरे लघु वित्त वित्तिय संस्था
रुक्मिणी बचत तथा ऋण सहकारी संस्था
डिप्रोक्स लघु वित्त वित्तिय संस्था
स्वदेशी लघु वित्त सहकारी संस्था
जनसेवी लघु वित्त वित्तिय संस्था

## १.२२. वन पैदावारमा आधारित उद्योग व्यवसाय

रुकुम पूर्व जिल्ला भौगोलिक हिसावले दुर्गम जिल्ला भएको कारण वन पैदावार संकलन तथा ढुवानी गर्न कठिनाई र खर्चिलो भएको हुँदा वन पैदावारमा आधारित उद्योग व्यवसायहरु फस्टाउन सकेका छैनन् । हाल रुकुमको खलंगा मुसिकोट देखि रुकुमकोट हुदै लुकुम सम्मको मध्य पहाडी बाटोको सुविधा, महत देखि तकसेरा पिपलटुङ नयाँबजार सम्म मोटरबाटोको सुविधा भएको हुँदा पहिलेको तुलनामा वन पैदावारमा आधारित उद्योगहरुको संख्यात्मक बृद्धि हुने अपेक्षा गरिएको छ । रुकुम (पूर्व) जिल्लामा वन पैदावार उद्योगहरुमा बढि मात्रमा काठमा आधारित फर्निचर तथा काष्ठ उद्योगहरु बढि रहेको र तिनीहरु प्राय जसो सञ्चालनमा समेत रहेको छ । तर गैह्रकाष्ठ वन पैदावारमा आधारित उद्योगहरु कम मात्रामा रहेको र तिनीहरु क्षणिक समयको लागि मात्र सञ्चालन रहने र पछि विविध कारणले गर्दा वन्द हुने गरेको पाइन्छ । घरेलु तथा साना उद्योग विकास समिति रुकुम (पूर्व) को रेकर्ड अनुसार हाल सम्म यस जिल्लामा हाल सम्म ८ वटा फर्निचर तथा काष्ठ उद्योग, ४ वटा नेपाली कागज उद्योग, १४ वटा नर्सरी उद्योग र ११ वटा अल्लो, ५ वटा भिमल प्रशोधन तथा कपडा तथा सावुन उद्योग २ वटा दर्ता भएका छन् ।

# खण्ड-२: डिभिजन वन कार्यालयको परिचय

## २.१ पृष्ठभूमी

वि.स. २०४० साल अघि सल्यान वन डिभिजन कार्यालय अन्तर्गत मुसिकोट रेन्ज कार्यालयले यस जिल्लामा वन संरक्षण तथा विकास सम्बन्धि काम कारवाही गरिरहेकोमा २०४० सालमा गरिएको संगठनात्मक परिवर्तन पश्चात रुकुम जिल्लामा जिल्ला वन कार्यालयको स्थापना हुन गयो । पुनः वि.स. २०५० सालमा वन विभागको संगठनमा गरिएको परिवर्तन अनुसार यो जिल्ला "ङ" वर्गमा राखिएको थियो जस अन्तरगत ८ वटा ईलाका वन कार्यालयहरु रहेका थिए भने हाल साविकको रुकुम जिल्ला दुई भागमा बिभाजन भई रुकुम (पूर्व) जिल्ला कार्यक्षेत्र रहेको यो कार्यालय बि.सं. २०७५ साल पश्चात प्रदेश सरकार अर्न्तगत रुकुम (पूर्व) जिल्लाको डिभिजन वन कार्यालयको रुपमा स्थापना भई कार्यसञ्चालनमा रहेको छ । हालको स्वीकृत दरवन्दी अनुसार कर्मचारीको संख्या ३६ जना रहेको छ ।

## २.२ डिभिजन वन कार्यालयको उदेश्य

**(क) दीर्घकालीन उद्देश्य**

- वन जङ्गलको संरक्षण, सम्बर्द्धन तथा सदुपयोग गर्ने, प्राकृतिक वातावरणिय सन्तुलन कायम गर्ने प्रविधिको विकास गरी वनको वैज्ञानिक व्यवस्थापन द्धारा वन पैदावारको आपुर्ति गरी देशको आर्थिक विकासमा सहयोग पुरयाउने ।
- वनको संरक्षण, सम्बर्द्धन तथा विकास कार्यक्रमहरुमा व्यापक जनसहभागिता जुटाउने ।
- स्थानिय समुदायलाई वन पैदावार आपुर्तिमा आत्मनिर्भर बनाउने तथा दिर्घकालिन रुपमा समुहगत र संस्थागत विकास गर्ने ।
- गरिवी निवारणको लागी निजी क्षेत्रलाई वन कार्यक्रममा प्रभावकारी रुपले सम्मीलित गराउन सामुदायिक वन, कवुलियती तथा निजी वन कार्यक्रम सञ्चालन गर्ने ।
- पर्या-पर्यटनको विकास गर्दै जाने ।
- जैविक विविधताको संरक्षण, वन सम्बर्द्धन, प्राकृतिक वातावरण संरक्षण तथा विकास विच सन्तुलन कायम गरी वातावरणिय सेवा प्रदान गर्ने ।

**(ख) अल्पकालीन उद्धेश्य**

- वनको हैसियतमा सकारात्मक सुधार ल्याउने ।
- वन पैदावारको आधारभुत आवश्यकता परिपुर्ति गर्ने ।
- वन क्षेत्रमा जनसहभागिता अभिबृद्धि गर्ने ।
- वनमा आधारित रोजगारी बृद्धि गर्ने ।
- सामुदायिक वन, निजी वन, कृषिवन तथा वागवानी विकास एवं कवुलियती वनको माध्यमबाट स्थानिय जनसमुदायको सरकारद्धारा व्यवस्थित वन माथिको निर्भरता घटाउने ।

## २.३ कार्यालयको स्वीकृत सांगठनिक संरचना तथा कर्मचारी दरवन्दी

**डिभिजन वन कार्यालय रुकुम पूर्वको सांगठानिक संरचना**




## २.४ डिभिजन वन कार्यालय, रुकुम (पूर्व) मा हाल सम्म कार्यरत कार्यालय प्रमुखहरुको नामावली

| सि.नं. | कार्यालय प्रमुखको नाम | पद | अवधी | |
|---|---|---|---|---|
| | | | देखि | सम्म |
| १. | श्री देवेन्द्रलाल कर्ण | डि.व.अ. | २०७५।०८।०३ | २०७५।१२।३० |
| २. | श्री बेसिन्द्रराज सुवेदी | डि.व.अ. | २०७६।०१।०८ | २०७७।०५।२१ |
| ३. | श्री जीवन पंगेनी | डि.व.अ. | २०७७।०५।२४ | २०७८।०६।१९ |
| ४. | श्री महेन्द्रराज वाग्ले | डि.व.अ. | २०७८।०६।११ | २०७८।११।१५ |
| ५. | श्री जितेन्द्र सिंह खड्का | नि.डि.व.अ. | २०७८।१२।२० | हालसम्म |

## २.५ डिभिजन वन कार्यालय रुकुम (पूर्व) अन्तर्गत रहेका सव डिभिजन वन कार्यालय

डिभिजन वन कार्यालय रुकुम (पूर्व) अन्तर्गत रहेका ४ वटा सव डिभिजन वन कार्यालयहरुको कार्यक्षेत्र भित्र पर्ने गाउँपालिका तथा सव डिभिजन वन कार्यालयहरुले समेट्ने क्षेत्रफल निम्न तालीकामा देखाइएको छ ।

**सव डिभिजन वन कार्यालय तथा सो अन्तर्गत पर्ने गाउँपालिकाहरु**

| क्र.सं. | स.डि.व.का.को नाम | स.डि.व.का.रहेको स्थान,गा.पा.को नाम | साविकको गा.वि.स.हरुको नाम | हालको संघिय संरचना अनुसार रहेका गाउँपालिकाहरु |
|---|---|---|---|---|
| १ | सिस्ने | सिस्ने गा.पा.५, रुकुमकोट | रुकुमकोट, पोखरा, प्वाङ | सिस्ने गा.पा का सम्पूर्ण वडाहरु |
| २ | भूमे | भुमे गा.पा ६, महत | काँडा, काँक्रि, मोराबाङ्ग र महत, चुन्वाङ्ग | भूमे गा.पा का सम्पूर्ण वडाहरु |
| ३ | कोल | पुथा उत्तरगंगा गा.पा. १०, तकसेरा | तकसेरा,कोल, राङ्सी, जाङ | पुथा उत्तरगंगा गा.पा. (७-१४) |

| क्र.सं. | स.डि.व.का.को नाम | स.डि.व.का.रहेको स्थान,गा.पा.को नाम | साविकको गा.वि.स.हरुको नाम | हालको संघिय संरचना अनुसार रहेका गाउँपालिकाहरु |
|---|---|---|---|---|
| ४ | हुकाम मैकोट | पुथा उत्तरगंगा गा.पा. ५ | हुकाम, रन्मामैकोट | पुथा उत्तरगंगा गा.पा. (१-६) |

**स्थानीय तह अनुसार सामुदायिक वन, कबुलियती वन तथा निजी वनको संख्या, जम्मा क्षेत्रफल, जम्मा धरधुरी, मुख्य प्रजाती, मुख्य वन्यजन्तु ।**

| सि. नं. | गाउँपालिकाको नाम | सा.व.उ.स. | | | क.व.स. | | | निजि वन | | मुख्य प्रजाती | मुख्य वन्यजन्तु |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | क्षेत्रफल (हे.) | घरधुरी | संख्या | क्षेत्रफल (हे.) | घरधुरी | संख्या | क्षेत्रफल (व.मि.) | | |
| १ | सिस्ने सव डिभिजन | ५३ | ४५०३.९७ | ५९३३ | ३ | ३२.३३ | ७५ | १ | ४,३४५ | बाभ्फ, खस्रु, ओखर | हिउँ चितुवा, कस्तुरी मृग, रतुवा मृग, बदेल आदी |
| २ | भुमे सव डिभिजन | ५५ | ३४२४.०५ | ३५५० | ७ | १४.२४ | ८५ | १ | १३,३७५ | ठिग्रे सल्ला, खस्रु | हाब्रे, रतुवा मृग, बँदेल आदी |
| ३ | कोल सब डिभिजन | २२ | ३१६७.२२ | २४८७ | २ | ३.३२ | १२ | ८ | २४,७८० | खोटे सल्ला, ठिंग्रे सल्ला, खस्रु, बाँभ्फ | हिउँ चितुवा, घोरल, हाब्रे, कस्तुरी मृग आदी |
| ४ | हुकाम मैकोट सव डिभिजन | ११ | १३६४.९१ | ११३४ | ० | ० | ० | ० | ० | खोटे सल्ला, गोब्रे सल्ला,खस्रु, बाँभ्फ | हाब्रे, कस्तुरी, घोरल, रतुवा, बँदेल आदी |

## २.६ वन कार्यालयको भौतिक पूर्वाधार

